भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

# मसलाबाली प्रवर्धन कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७।०६।११)

**प्रस्तावनाः** मसलाबालीको उत्पादन वृद्धि गरी आयात न्यूनीकरण तथा निर्यात प्रवर्धनका लागि मसलाबाली प्रवर्धन कार्यक्रम संचालन गर्न बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) यस कार्यक्रम अन्तर्गत मसलाबाली भन्नाले अलैंची, अदुवा, बेसार, लसुन, प्याज र पिरो खुर्सानीलाई जनाउँछ।

(ख) यस कार्यक्रममा ईच्छुक कृषि फर्म/कम्पनी, कृषक समूह वा सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्। कृषक समूह र कृषि सहकारी संस्थाको हकमा सामुहिक खेती गरेको हुनु पर्नेछ।

(ग) यस कार्यक्रममा छनौट भएका आवेदकले अलैंची बालीको हकमा कम्तीमा २० रोपनी र अन्य मसलाबालीको हकमा बढीमा तीन बालीको लागि १० रोपनी क्षेत्रफलमा खेती गरेको हुनु पर्नेछ।

(घ) मसलाबाली खेती गर्दा सिफारिस गरिएका जात तथा प्रविधिको प्रयोग गर्नु पर्नेछ।

(ङ) मसलाबाली खेती गर्दा सम्बन्धित निकायले सिफारिस गरे अनुसारको बीउ र मलखादको प्रयोग गर्नु पर्नेछ।

## २. आर्थिक पक्ष

स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरु मध्ये एक वा एकभन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(क) मसलाबाली खेतीको लागि आवश्यक बीउ तथा बेर्ना खरिद।

(ख) यन्त्र, उपकरण खरिद र सिंचाई व्यवस्थापन।

(ग) ड्राईङ, ग्रेडिङ, प्याकेजिङ्ग, लेबलिङ सामग्री खरिद, प्रशोधन, भण्डारण र बजारीकरण।

## ३. प्रस्ताव मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनको आधार | अंक |
|---|---|---|
| १. | **मसलाबाली खेती गर्ने क्षेत्रफल** | ३० |
| (क) | अलैंची -२० रोपनी ,<br>अन्य मसलाबाली- १० रोपनी | १५ |
| (ख) | अलैंची -२० रोपनी भन्दा बढी क्षेत्रफल भएमा १५ अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति २ रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने, | ३० |

| | | |
|---|---|---|
| | अन्य मसलाबाली- १० रोपनी भन्दा बढी क्षेत्रफल भएमा १५ अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति  रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने | |
| २. | **सिँचाई सुविधा** | **१०** |
| (क) | सिँचाईको सुविधा भएको (वर्षैभरी) | १० |
| (ख) | सिँचाईको सुविधा व्यवस्था गर्न सकिने (वर्षैभरी) | ५ |
| ३. | **अनुदानको अवस्था** | **१०** |
| (क) | पछिल्लो दुई आ.व.मा कृषि सम्बन्धी कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश गरेको | ५ |
| ४. | **प्रस्तावकको प्रकार** | **१०** |
| (क) | समूह वा सहकारी भएमा | १० |
| (ख) | कृषि फर्म वा कम्पनी भएमा | ५ |
| ५. | **अनुभब** | **१०** |
| (क) | सम्बन्धित मसलाबालीको व्यवसायिक उत्पादन गर्ने गरेको | १० |
| (ख) | सम्बन्धित मसलाबालीको व्यवसायिक उत्पादन नगरेको | ५ |
| ६. | **बजारीकरणको अवस्था** | **१०** |
| (क) | उत्पादनको बजार सुनिश्चित भएको | १० |
| (ख) | बजार खोज्नुपर्ने अवस्था रहेको | ५ |
| ६. | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नविनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **९०** |

४. **प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

## ५. प्रस्तावको ढाँचाः

### क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br><br>सम्पर्क नं |
| सम्पर्क व्यक्तिः<br><br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) **सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल | हालको उत्पादन | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल | सम्पर्क नं |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग) कुल अनुमानित उत्पादनः**

(घ) कुल रोजगारी सिर्जनाः

(ङ) संचालन हुने क्रियाकलापहरुः

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(च) माग गरेको जम्मा अनुदान रकमः

(छ) सिंचाइको व्यवस्थाः

(ज) अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(झ) अन्य विषय केही भए उल्लेख गर्नुहोस्